आज मिति २०८० साल असार महिनाको ५ गते मंगलबारको दिन दिउँसो ३:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को चौधौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विशुंके | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौडयाल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री मधु अर्याल खनाल | सचिव | |

**सचिवालय कर्मचारी :-**

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी, वरिष्ठ शाखा अधिकृत)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०८०/०३/०४ गते नगर प्रमुखज्यूबाट मिति २०८०/०३/०५ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको चौधौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | प्रगति समिक्षा सम्बन्धमा । | • यस नगरपालिकाबाट चालु आ.ब.मा सम्पादित कार्यहरुको विषय क्षेत्रगत रुपमा प्रगति समिक्षा गरियो । उक्त प्रगति प्रतिवेदनलाई अद्यावधिक गरी नगर सभामा पेश गर्ने । |
| २. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन सम्बन्धमा । | • आगामी आ.ब.०८०/०८१ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको नीति, बजेट तथा कार्यक्रमलाई संशोधन गरी नगर सभामा स्वीकृतीका लागि पेश गर्ने । |
| ३. | आर्थिक विधेयक प्रस्ताव सम्बन्धमा । | • आगामी आ.ब.०८०/०८१ को लागि स्थानीय राजश्व परामर्श समितिबाट पेश भएको आर्थिक विधयेकलाई संशोधन सहित नगर सभामा स्वीकृतिका लागि पेश गर्ने । |
| ४. | विनियोजन विधेयक प्रस्ताव सम्बन्धमा । | • आगामी आ.ब.०८०/०८१ को लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको विनियोजन विधयेकलाई नगर सभामा स्वीकृतिका लागि पेश गर्ने । |
| ५. | न्यायिक समितिबाट भएका कार्यहरु सम्बन्धमा । | • चालु आ.ब.मा न्यायिक समितिबाट सम्पादन भए गरेका कार्यहरुलाई अनुमोदनका लागि नगर सभामा पेश गर्ने । |
| ६. | कानून सम्बन्धमा ।<br>प्रमाणीत प्रति<br>०८०/०४/३२<br>मधु अर्याल खनाल<br>प्रमुख प्रशासकीय अधिकृत | • यस नगरपालिकाबाट प्रवाह हुने सेवाहरुलाई थप प्रभावकारी बनाउन एवं कार्य सम्पादनलाई व्यवस्थित गर्नका लागि आवश्यक भई तयार भएका देहाय बमोजिमका कार्यविधिहरुको मस्यौदा विधयेक समितिबाट अध्ययन गरी स्वीकृतीको लागि पेश भएकोमा उक्त कार्यविधि तथा नियमावलीहरु स्वीकृत गर्ने ।<br>क. सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०<br>ख. पूर्व निर्मित भवन नियमित तथा अभिलेखिकरण कार्यविधि, २०८०<br>ग. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८०<br>घ. लेखा सिमित गठन तथा सञ्चालन नियमावली, २०८०<br>• यस नगरपालिकाको संगठन संरचना तथा व्यवस्थापनको लागि तयार भएको संगठन संरचना तथा व्यवस्थापन प्रतिवेदन सुशासन तथा संस्थागत विकास समितिबाट अध्ययन गरी स्वीकृतीको लागि पेश भएकोमा उक्त प्रतिवेदन स्वीकृतीका लागि नगर सभामा पेश गर्ने ।<br>• नगर सभाको दशौं अधिवेशन पश्चात् यस नगरपालिकाको कार्य सम्पादन तथा व्यवस्थापनका लागि आवश्यकता भई यस कार्यपालिकाद्वारा स्वीकृत गरिएका कार्यविधिहरु अनुमोदनका लागि नगर सभामा पेश गर्ने । |
| ७. | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा । | • यस दक्षिणकाली नगरपालिकाबाट सम्पादन गरिने कार्य मितब्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने भएको हुदाँ स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम यस नगरपालिकाद्वारा तयार भएको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० को मस्यौदालाई स्वीकृतीका |

| | | |
|---|---|---|
| | | लागि नगर सभामा पेश गर्ने । |
| ८. | विविध । | • मिति २०७९ साल असार २४ गते शुक्रबारका दिन यस दक्षिणकाली नगरपालिका वडा नं.७ को युटिकी - खरिबोट लम्फु - भम्भु क्षेत्रमा ठूलो पहिरो लागि बाटो तथा खेतबारीको बालीमा क्षति पुगेको हुदाँ खेतबारीको बालीमा भएको क्षतिको विवरण प्राविधिकको सिफारिसमा वडा कार्यालयले प्रमाणित गरे बमोजिम एक पटकको लागि राहतबापत प्रति रोपनी रु.८,०००।- का दरले कृषकहरुलाई उपलब्ध गराउने । |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

प्रमाणीत प्रति
०८०/०४/३२

मधु अर्याल खनाल
प्रमुख प्रशासकीय अधिकृत